**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

# प्रेस विज्ञप्ति -२०६३ कात्तिक १

## मानवअधिकार उच्चायुक्तद्वारा नेपालमा प्रतिनिधि नियुक्तिको घोषणा

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरले आज नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर नेपाल)का प्रमुख र देशमा उहाँको प्रतिनिधिको रूपमा लेना सुन्धलाई नियुक्त गरेको घोषणा गर्नुभयो । स्विडिस नागरिक सुन्धले आगामी साताहरूमा ६ महिनाको अवधिका लागि आफ्नो पद सम्हाल्नु हुनेछ ।

उच्चायुक्तले सुन्धको उल्लेखनीय अन्तर्राष्ट्रिय तथा मानवअधिकारसम्बन्धी अनुभबबाट नेपालको शान्तितर्फको सङ्क्रमणको यो सबैभन्दा महत्वपूर्ण अवधिमा लाभ हासिल गर्न पाएकोमा आफ्नो कार्यालय भाग्यशाली भएको बताउनु भयो । "सात दल गठबन्धनको सरकार र नेकपा-माओवादीले शान्ति प्रक्रियाको क्रममा मानवअधिकारको संरक्षण र प्रबर्द्धनका लागि मेरो कार्यालयको सहयोग खोजेको स्पष्ट गरेका छन् । मलाई विश्वास छ कि सुन्धको नेतृत्वमा ओएचसीएचआरले यो संवेदनशील र महत्वपूर्ण अवधिमा सशक्त रूपले नेपालमा मानवअधिकारको रक्षा गर्न आफ्नो भूमिकालाई जारी राख्नेछ," उहाँले भन्नुभयो ।

सुन्धले आफ्नो ३० वर्षे अन्तर्राष्ट्रिय कार्यजीवनमा द्वन्द्व व्यवस्थापन र शान्तिस्थापनाबारे विशेषज्ञता हासिल गर्नुभएको छ । उहाँले सन् १९७६ मा स्विडिस परराष्ट्र मन्त्रालयमा प्रवेश गर्नुभयो र थाइल्याण्ड, नामिबिया, मोरोक्को तथा जेनेभा र न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घमा सेवा पुऱ्याउनु भएको छ । उहाँ सन् १९९५ देखि सन् २००० सम्म अङ्गोलाका लागि स्विडेनको राजदूत हुनुहुन्थ्यो । उहाँले स्विडेनको परराष्ट्र मन्त्रालयको अफ्रिकी मामिला तथा विश्व सहयोगसम्बन्धी विभागहरूमा निर्देशकको रूपमा पनि सेवा पुऱ्याउनु भएको छ ।

संयुक्त राष्ट्रसङ्घमा सुन्धले कम्बोडियामा *यूएनएचसीआर*मा सेवा पुऱ्याउनु भएको छ र उहाँ अङ्गोलामाथि गरिएको नाकाबन्दी संयुक्त राष्ट्रसङ्घीय अनुगमन संयन्त्रको सदस्य हुनुहुन्थ्यो । हालसालै उहाँ प्रजातान्त्रिक गणतन्त्र कङ्गोका लागि महासचिवको उपविशेष प्रतिनिधिका रूपमा नियुक्त हुनु भएको थियो र यसै पदमा रहँदा उहाँ *मोनुक*मा संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना मिसनको उपप्रमुख हुनुहुन्थ्यो ।

सुन्धले सन् १९८३ यता महासभा, *इकोसोक*, मानवअधिकार आयोग, महिलाको स्थिति र मानव बसोबाससम्बन्धी आयोग एवं महिलासम्बन्धी चौथो विश्व सम्मेलनमा लगायत अनेकौं संयुक्त राष्ट्रसङ्घीय सम्मेलन र बैठकहरूमा स्विडेनको प्रतिनिधित्व गर्नुभएको छ । स्विडेन *ईयू*को अध्यक्ष पदमा भएको बेला उहाँ अतिकम विकसित राष्ट्रहरूसम्बन्धी तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनका लागि प्रमुख वार्ताकार र स्विडिस वार्ता टोलीको प्रमुख हुनुहुन्थ्यो ।

नेपालस्थित उच्चायुक्तको कार्यालयको कार्यभार सम्हाल्नुभन्दा अघि सुन्ध राजदूत र स्विडेनको परराष्ट्र मन्त्रालयमा द्वन्द्व रोकथाम, द्वन्द्व व्यवस्थापन तथा शान्तिस्थापनासँग सम्बन्धित मुद्दाहरूबारे द्वन्द्व समाधानसम्बन्धी आयोजनाको प्रमुख हुनुहन्थ्यो ।

---

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org